आज मिति २०७९/१०/२६ गते विहिबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति:

| क.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | (हस्ताक्षर) | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | (हस्ताक्षर) | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | (हस्ताक्षर) | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | (हस्ताक्षर) | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | (हस्ताक्षर) | श्री नर बहादुर नेपाल | गा पा प्रबक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | (हस्ताक्षर) | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | (हस्ताक्षर) | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | (हस्ताक्षर) | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | (हस्ताक्षर) | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख वहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | (हस्ताक्षर) | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. बासु पण्डित, प्रशासन शाखा प्रमुख

२. उद्गम तिमिल्सिना, लेखा अधिकृत

# कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्या: १४
अध्यक्षता: श्री दान बहादुर गुरुङ
बैठक मिति: २०७९।१०।२६
बैठक स्थान: इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समय: १:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०७९।१०।२६ | १:०० | लागत अनुमान स्वीकृत गर्ने सम्बन्धमा। | भौतीक तथा पुर्वाधार शाखा | १ |
| २०७९।१०।२६ | १:०५ | वडा नं ५कार्यालयको VO गर्ने सम्बन्धमा। | भौतीक तथा पुर्वाधार शाखा | २ |
| २०७९।१०।२६ | १:१० | स्थानीय तह संस्थागत क्षमता स्वःमूल्यङ्कको नतिजा अनुमोदन सम्बन्धमा। | प्रशासन शाखा | ३ |
| २०७९।१०।२६ | १:१५ | गाँउपालिकाको क्षेत्राधिकार भित्र रही कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा। | प्रशासन शाखा | ४ |
| २०७९।१०।२६ | १:२० | विपद्बाट प्रभावितलाइ राहत उपलब्ध गराउने सम्बन्धमा। | विपद् व्यवस्थापन शाखा | ५ |
| २०७९।१०।२६ | १:२५ | योजनाहरुको नाम परिवर्तन गर्ने सम्बन्धमा। | योजना शाखा | ६ |
| २०७९।१०।२६ | १:३० | सडक बोर्ड नेपालको लागि योजना छनोट सम्बन्धमा। | योजना शाखा | ७ |
| २०७९।१०।२६ | १:३५ | प्रदेश समपुरक,प्रदेश बिशेष अनुदान,तराई मधेश समृद्धि सम्वन्धि कार्यक्रमका लागि योजना छनोट सम्बन्धमा। | योजना शाखा | ८ |
| २०७९।१०।२६ | १:४० | झोलेङ्गे पुलको योजना छनौट सम्बन्धमा। | योजना शाखा | ९ |
| २०७९।१०।२६ | १:४५ | चौतारा खेल मैदानको जग्गा सम्बन्धी सिफारिस सम्वन्धमा। | योजना शाखा | १० |
| २०७९।१०।२६ | १:५० | योजनाको रकमान्तर गर्ने सम्वन्धमा। | योजना शाखा | ११ |
| २०७९।१०।२६ | १:५५ | बिकास आयोजनाको लागि नदिजन्य सामाग्री अनक कन्सट्रक्सनलाई उपलब्ध गराउने सम्वन्धमा। | योजना शाखा | १२ |
| २०७९।१०।२६ | २:०० | Ms Indo Sagun JV, लाई बिकास आयोजनाको लागि नदिजन्य सामाग्री उपलब्ध गराउने सम्वन्धमा। | योजना शाखा | १३ |

| | | | | |
|---|---|---|---|---|
| २०७९।१०।२६ | २:०५ | प्रारम्भिक बातावरणीय प्रतिवेदन पेश गर्ने कार्यदल गठन सम्वन्धमा । | भौतिक तथा पुर्वाधार शाखा | १४ |
| २०७९।१०।२६ | २:१० | चेस खेलका लागि खर्च ब्यवस्थापनमा सहयोग सम्बन्धमा। | शिक्षा शाखा | १५ |
| २०७९।१०।२६ | २:१५ | ल्होसार पर्वका लागि खर्च ब्यवस्थापनमा सहयोग सम्वन्धमा । | सामाजिक बिकास शाखा | १६ |
| २०७९।१०।२६ | २:२० | समाज कल्याण परिषदमा सिफारिस गर्ने सम्बन्धमा। | सामाजिक बिकास शाखा | १७ |
| २०७९।१०।२६ | २:२५ | पोखरेल कृषि तथा पशुपन्छी फर्मलाई प्रोत्साहान गर्ने सम्बन्धमा । | पशु सेवा शाखा | १८ |
| २०७९।१०।२६ | २:३० | छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा । | शिक्षा शाखा | १९ |
| २०७९।१०।२६ | २:३५ | साहित्यिक कार्यक्रमलाई रकम उपलब्ध गराउने सम्बन्धमा । | शिक्षा शाखा | २० |
| २०७९।१०।२६ | २:४० | बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि बजेट स्वीकृत गर्ने सम्बन्धमा। | स्वास्थ्य शाखा | २१ |
| २०७९।१०।२६ | २:४५ | निर्माण सामाग्री पुरिएको वडा नं १ बडग्याङ झो पु को लागि TBSU सँग निर्माण समाग्री माग गर्ने सम्बन्धमा । | योजना शाखा | २२ |
| २०७९।१०।२६ | २:५० | खर्च कटौती तथा बजेट रोक्का सम्बन्धमा । | लेखा शाखा | २३ |

**पूर्व बैठकको समीक्षाः**

मिति २०७९।०९।२४ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो ।

**कार्यपालिका बैठकको निर्णयहरुः**

१. आर्थिक बर्ष २०७९।८० को स्वीकृत बार्षिक बजेटमा समावेश भएको योजना "Construction of Ichchhakamana Hospital Building at Kurintar, Chitwan" को लागत अनुमान स्वीकृत गर्ने ।

२. इच्छाकामना गाउँपालिका र श्री शुभम विल्डर्स बिच भएको सम्झौता ठेक्का नं. NCB/IRM/20/078/079, योजना "Ichhakamana Ward-05 Office Building Construction Works" को कार्य सम्पन्न गर्न रु १०,७३,०८१।५८ (अक्षरुपी दश लाख त्रिहत्तर हजार एकासी पैसा अन्ठाउन्न) रकमको बजेट व्यवस्थापन गरी VO स्वीकृत गर्ने र अपुग रकम रु १६,२३,४८३/- (अक्षरुपी सोह्र लाख तेइस हजार चार सय त्रियासी मात्र) अन्तरिक श्रोतबाट व्यबस्थापन गर्ने ।

३. आ.व. २०७८।७९ को स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन(LISA) को प्राप्ताङ्क नतिजा (६३.२५%) अनुमोदन गरी सार्वजनिक गर्ने ।

४. सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री पञ्च बहादुर प्रजाले पेश गर्नु भएको तपसिलमा उल्लेख भए बमोजिमका कार्यबिधिहरु स्वीकृत गर्ने ।

**तपसिलः**

- इच्छाकामना गाउँपालिका लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९
- ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७९
- युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९
- कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७९
- खेतीयोग्य बाँझो जमिनलाई कृषिमा उपयोग सम्बन्धि कार्यविधि, २०७९

५. विपद्बाट प्रभावित यस गाँउपालिकाको वडा नं. १ का श्री चन्द्र बहादुर चेपाङ, वडा नं. ३ का श्री बिक्रम चेपाङ र वडा नं. ७ का बुद्धि चेपाङलाई राहत तथा पुनर्स्थापनाको लागि प्रति परिवार रु २३ हजार बराबरको राहत सामाग्री वा रु १० हजार नगद उपलब्ध गराउने ।

६. आ.व. २०७९।८० को स्वीकृत बार्षिक बजेटमा समावेश भएका तपसिल बमोजिमका शीर्षक परिमार्जन गर्ने साथै योजना कार्यान्वयन हुने वडा एकिन गर्ने ।

| क्र.सं. | वडा नं. | योजनाको नाम पहिलेको | योजनाको हाल हुनुपर्ने नाम |
|---|---|---|---|
| १. | ४ | नयाँबस्ती डाँडाबारी सोराथोक सडक नाला तथा ग्राबेल | नयाँबस्ती डाँडाबारी सोराथोक सडक नाला तथा ढलान |
| २. | ४ | हाइवे सर्वशान्ति सडक नाला निर्माण तथा ग्रावेल | हाइवे सर्वशान्ति सडक नाला निर्माण तथा ढलान |

जगत प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| ३ | ३ | कोलभञ्ज्याङ्ग आमा समुह भवन वडा नं.३ | कोलभञ्ज्याङ्ग आमा समुह भवन वडा नं.१ |

७. देहाय बमोजिमको क्षेत्रमा सडक मर्मत संभारको लागि योजना/कार्यक्रम छनौट गरी सडक बोर्ड नेपालमा पठाउने ।

देहायः

| क्र.सं. | वडा नं | योजनाहरुको नाम | अनुमानित लागत |
|---|---|---|---|
| १. | ४ | कुरिनटार देखि सशस्त्र प्रहरी बल विपद् व्यवस्थापन शिक्षालय सडक मर्मत | कुल लागत रु. २१,२५,०००/-<br>सडक बोर्ड नेपाल रु. १७,००,०००/-<br>इच्छाकामना गा.पा रु. ४,२५,०००/- |

८. देहाय बमोजिमका योजनाहरु प्रदेश समपुरक अनुदान, प्रदेश विशेष अनुदान र तराई मधेश समृद्धि कार्यक्रमका लागि छनौट गर्ने ।

देहाय

| क्र.स | शिर्षक | योजनाहरुको नाम | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | प्रदेश समपुरक अनुदान | नयाँ बस्ती देखि बेलडाँडा हुँदै लामीडाँडा सम्म सडक स्तरोन्नति, वडा नं. ४ | ५०,०००००/- | |
| २ | प्रदेश समपुरक अनुदान | दाहाखानी स्कूल देखि नयाँगाँउटार सडक स्तरोन्नति, वडा नं. ७ | ५०,०००००/- | |
| ३ | प्रदेश समपुरक अनुदान | कालीखोला आधामारा सडक स्तरोन्नति, वडा नं. ६ | ५०,०००००/- | |
| ४ | प्रदेश समपुरक अनुदान | भोटसोरा भालु भञ्ज्याङ सडक स्तरोन्नति, वडा नं. ५ | ५०,०००००/- | |
| ५ | प्रदेश बिशेष अनुदान | चेपाङ आवास कार्यक्रम वडा नं १ र २ | १००००००००/- | |
| ६ | तराई मधेश समृद्धि कार्यक्रम | सिमलढाप जखेडीमाई सडक कालोपत्रे, वडा नं. ७ | २०००००००/- | |

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

९. देहाय बमोजिमका योजनाहरु झोलुङ्गे पुल निर्माणका लागि योजना छनौट गर्ने।

**तपसिलः**

| क्र.स | योजनाहरुको नाम |
|---|---|
| १ | जलबिरे लामो झरना झो.पु वडा नं ६ |
| २ | पुतलीचोक समिगौंडा सुन्दरबस्ती वडा नं ७ |
| ३ | थाकलडाँडा मुग्लिन गुम्बा वडा नं ५ |
| ४ | बुङ्गे डाँडा नयाबस्ती वडा नं ३ र ४ |
| ५ | ताल्ती खेतबारी वडा नं ६ |
| ६ | तोबाङ/ हात्तीबाङ (भुलभुले )वडा नं १ र २ |
| ७ | साठीमुरे नेपेडाँडा वडा नं ५ |
| ८ | आसखोला बैतेसदोभान वडा नं २ |

इच्छाकामना गाउँपालिका गाउँपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

१०. वडा नं ३ मा रहेको चौतारा खेल मैदान वडा कार्यालयको स्वामित्व र संरक्षणमा रहने गरी उक्त खेल मैदान रहेको सार्बजनिक जग्गालाई सोहि प्रयोजनका लागि उपयोग गर्न बागमती प्रदेश सरकारलाई सिफारिस गर्ने।

११. देहाय बमोजिमका योजना शिर्षकान्तर गर्न बागमती प्रदेश सरकारमा सिफारिस सहित अनुरोध गरि पठाउने।

**तपसिलः**

| क्र.सं. | वडा नं. | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | शीर्षक परिवर्तन हुन सिफारिस भएको योजना |
|---|---|---|---|
| १ | ५ | फोकसीङग खानेपानी योजना | थाकलडाँडा खानेपानी योजना वडा नं ५ |
| २ | ७ | डाङढुङगे खानेपानी योजना | सिमलढाप खानेपानी योजना वडा नं ७ |

१२. इच्छाकामना गाउँपालिकाको वडा न. ६ मा निर्माणाधिन पुल आसपास क्षेत्रमा कटिङबाट निस्कने गिट्टी र ढुङ्गा सव-वेसका लागि प्रयोग गर्न ANK Construction Company PVT. LTD लाई प्रदेश आर्थिक ऐन २०७९ अनुसारको राजस्व लिई अनुमति प्रदान गर्ने।

१३. आ.व. २०७९।८० का लागि स्वीकृत IEE Report अनुसार इच्छाकामना गाउँपालिकाको भोटि खोला (गरदास) बगर, समिगौडा क्षेत्र र झङ्गझङ्गे क्षेत्रबाट माग बमोजिम ३०००० घ.मि. नदीजन्य पदार्थ उत्खनन् गर्न M/S Indo Sagun JV लाई अनुमति प्रदान गर्ने।

१४. परामर्शदाता संस्थाहरुबाट पेश हुने IEE प्रतिवेदनको प्रस्तुतिका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने र उक्त कार्यदलको सिफारिसका आधारमा कार्यपालिकाले IEE प्रतिबेदन स्वीकृत सम्बन्धि निर्णय गर्ने।

१. गाउँपालिका अध्यक्ष –संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत –सदस्य
३. डिभिजन वन कार्यालयको अधिकृत स्तरको प्रतिनिधि-सदस्य
४. वन,बातावरण तथा विपद् व्यबस्थापन समितिको संयोजक –सदस्य
५. अध्यक्षले तोकेको वाताबरण विज्ञ - सदस्य
६. पूर्वाधार विकास शाखा प्रमुख- सदस्य

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

७.	योजना शाखा प्रमुख- सदस्य सचिव

१५. इच्छाकामना युथ स्पोर्टस क्लबले पेश गरेको बिल तथा भरपाईको आधारमा वडा नं ५ को वडा स्तरीय खेलकुद शीर्षकबाट रु ७०,०००।– उपलब्ध गराउने ।

१६. ७ नं वडा कार्यालयको २०७९/१०/१५ को प्राप्त पत्रानुसार वडा नं.७ स्थित नमो बुद्ध शान्ती गुम्वाको आयोजनामा मिति २०७९ माघ ८ गते २८५९ औं सोनाम ल्होसारको अवसरमा गरेको शुभकामना आदान प्रदान तथा मनोरञ्नात्मक कार्यक्रममा भएको खर्च रकम मध्ये भाषा, साहित्य, कला र संस्कृति प्रवर्द्धन शिर्षकको बजेटबाट रु.२०,०००।०० (अक्षरूपी बीस हजार रुपैया) मात्र उपलब्ध गराउने ।

१७. नव जीवन सामुदायिक विकास नेपाल नामक संस्था यस इच्छाकामना गाउँपालिकासँग समन्वय गरेर महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्न इच्छुक भएकाले उक्त संस्थालाइ सोही काम गर्नको लागि समाज कल्याण परिषद्मा पुर्व सहमति प्रदान गर्ने ।

१८. इच्छाकामना गाउँपालिका वडा नं ३ चुमलिङटारको पोखरेल कृषि तथा पशुपन्छी फार्मको सञ्चालक ऋषिराम पोखरेललाई  पशु बिमा गर्नको लागि प्रोत्साहन स्वरूप कृषक सम्मान कार्यक्रम शिर्षकबाट रु ५०,०००/-(अक्षरुपि (पचास हजार रुपैया) उपलब्ध गराउने ।

१९. चेपाङ छात्रवास व्यवस्थापन समितिमा बस्ने ५ जना विद्यार्थीहरुको लागि रु ५०,०००।– (अक्षरुपी पचास हजार मात्र) र नेशनल कलेज काठमाडौंमा अध्ययनरत छात्र आशिष थापा क्षेत्रीलाई रु १२,०००।– (अक्षरुपी बाह्र हजार मात्र) विनियोजन गरिएकोमा सो रकम अपर्याप्त भएकोले रु ३८,००० अक्षरुपी अठ्तीस हजार मात्र थप गरी जम्मा रु ५०,०००।– (अक्षरुपी पचास हजार मात्र) बिपन्न जेहेन्दार छात्रवृत्ती कार्यक्रम शीर्षकबाट उपलब्ध गराउने ।

२०. इच्छाकामना साहित्य प्रवाहको च नं ४ मिति २०७९।०९।०७ गते प्राप्त पत्रानुसार २०७९।०७।०५ मा साहित्य प्रवर्द्धन कार्यक्रम भएकोमा सो कार्यको प्रोत्साहनको लागि इच्छाकामना साहित्य प्रवाहलाई भाषा, सहित्यक, कला र संस्कृति प्रवर्द्धन शीर्षकबाट रु २५,०००/- (अक्षरुपी पच्चीस हजार ) उपलब्ध गराउने ।

२१. यस गाउँपालिकामा महिला, बालबालिका तथा किशोरीहरुमा रहेको पोषण अवस्थामा सुधार ल्याउन बहुक्षेत्रिय पोषण कार्यक्रमलाई उचित तरिकाले संचालन गर्न रु १६,०००००/- (अक्षरुपी सोह्र लाख मात्र)बाट विभिन्न उपशीर्षकहरुमा गरिएको बाँडफाँड स्वीकृत गर्ने ।

२२. मिति २०७९/०३/०२ को अविरल वर्षाको कारण वडा नं १ बङ्ग्याङ खोलामा निर्माणाधीन झोलंगे पुलका निर्माण सामग्रीहरु पुरिन गइ झोलंगे पुलको निर्माण कार्य रोकिएको एवम् पुरिएका निर्माण सामग्री खरिदका लागि बजेटको समेत व्यबस्था गाउँपालिकामा नभएकोले उक्त निर्माण कार्य तत्काल अगाडी बढाउन TBSU संग निर्माण सामग्री माग गर्ने र सो पुलका लागि भविष्यमा बजेट व्यबस्था भइ आएमा सो बराबरको निर्माण सामग्रीहरु सोधभर्ना दिने ।

२३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखाको च.नं ३०५ मिति २०७९/१०/२० को खर्च कटौती तथा बजेट रोक्का सम्बन्धमा प्राप्त परिपत्रलाइ यथासम्भव कार्यन्वयन गर्ने ।

गाउँपालिका अध्यक्ष